# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १५०/०७३/७४

निर्णय नं. ३३

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ..............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय..............................१ विपक्षी
सूचना अधिकारी, साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय ..............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालयले आ. ब. २०७२/७३ मा खरिद गरेको सबै प्रकारको रसायनिक मलको लागि निकालिएको टेन्डर नोटिसको प्रतिलिपि, टेन्डर दाखिला गर्ने कम्पनीहरुको विवरण, कबोल गरिएको रकम, टेन्डर प्राप्त गर्ने कम्पनीको स्विकृत रकम, ढुवानी भाडा समेतको बिवरण, सरकारी अनुदान प्रत्येक मलको छुट्टाछुट्टै (प्रतिबोरा) विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भदौ २८ गते रोज ३ शुभम् ।